## परियोजनाको दिगोपन

परियोजनाले आफ्नो सम्पूर्ण गतिविधिहरूमा व्यावसायिक सीप विकास, सबलीकरण तथा हरित व्यवसाय प्रवर्द्धन मार्फत कर्णाली र सुदूर पश्चिम प्रदेशका युवाहरूलाई व्यावसायिक तथा प्राविधिक तालिम मार्फत रोजगारी मूलक साना तथा मझौला व्यवसायमा आवद्ध गराई विकासको मूलधारमा समाहित गर्नका लागि आर्थिक, पर्यावरणीय, सामाजिक राजनीतिक र संरचनात्मक विविध पक्षहरूलाई सम्बोधन गरेकोछ। चलायमान, अर्थव्यवस्थाको प्रवर्द्धन तथा उद्यमीहरूको प्राविधिक, संस्थागत, व्यवस्थापकीय र संरचनागत विकासमा निरन्तर सहयोग, व्यवसायको रणनीति/योजना विकासमा सहजीकरण साथै अनौपचारिक व्यावसायिक शिक्षाको महत्व र सान्दर्भिकताका बारेमा नीति निर्माण तहमा सरकारी, निजी, सहकारी र नागरिक समाजको सहकार्यमा हरित व्यवसाय प्रवर्द्धनको लागि पैरवी सञ्जालको स्थापना साथै सम्वन्धित नीति निर्माणमा स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा विभिन्न कार्यक्रम गर्नेछ । प्रशिक्षण






पछिको अनुगमन र प्राविधिक सल्लाहले वास्तविक जीवनमा प्राप्त गरिएको सीपहरूको प्रयोगमा सुधार गर्नुका साथै वित्तीय सेवा प्रदायकहरूसंगको पहुंच तथा सहकार्य र वित्तीय स्थिरता सुनिश्चित गर्न मद्दत पुऱ्याउने छ । आर्थिक रूपमा व्यवहारिक व्यापरिक रणनीति र ठोस योजनाको आधारमा स्थापित व्यवसायिक स्कूल हवले बजारमा आपूर्तिकर्ता र स्थानीय उत्पादकहरू बीच सम्बन्ध स्थापनाको माध्यमबाट आर्थिक पक्षमा उल्लेखनीय असर पार्नेछ ।


### परियोजना वारे थप जानकारीको लागि

Center for Environmental and Agricultural Policy Research, Extension and Development (CEAPRED),
Nayabato Ringroad, Lalitpur
Email : contact@ceapred.org.np
Post Box No : 5752, Kathmandu
Phone : 977-1-5184272

### परियोजना कार्यालय

वीरेन्द्रनगर, सुर्खेत ।


german cooperation
DEUTSCHE ZUSAMMENARBEIT

skill up!

# Skill Up!
# Strengthening Skills Development, Creating Future Perspectives

# सीप विकास तथा सुदृढीकरण परियोजना

CEAPRED

welt hunger hilfe




## परिचय

सीप विकास तथा सुदृढीकरण (Skill Up) परियोजना, देशमा रहेका सीमान्तकृत बेरोजगार युवाहरूको सीप विकासको क्षेत्रमा काम गर्ने उद्देश्यले जर्मनी सरकारको संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (BMZ) को आर्थिक सहयोगमा सञ्चालित एक वहुवर्षीय कार्यक्रम हो। नेपालमा डब्लु.एच.एच (WHH) र सिप्रेड (CEAPRED) को सहकार्यमा यो कार्यक्रम कर्णाली



प्रदेशको सुर्खेत र सल्यान तथा सुदुर पश्चिम प्रदेश को कञ्चनपुर जिल्लामा सञ्चालित छ। सन २०१९ देखी २०२३ सम्म सञ्चालन हुने यस परियोजनाको मुख्य उद्देश्य एकीकृत हरीत अर्थव्यवस्थाको प्रवर्द्धन द्वारा यस क्षेत्रमा रहेका बेरोजगार युवाहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र प्रशिक्षणद्वारा उनीहरूको उद्यमशिलता विकास गरी रोजगारी श्रृजनामा सुधार गर्नुरहेको छ।

उक्त उद्देश्य हासिल गर्नको लागि परियोजनाले स्थानीय सरकार र सरोकारवाला संघसस्थाहरूसंग उचित सहकार्य गरी रोजगार सम्बन्धी सीपहरूको पहिचान तथा आवश्यक क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछ। साथै तालीम पश्चात नव उद्यमीहरूलाई स्थानीय सरकार, बैंक र सहकारी संस्थासंग आबद्ध गराई दीगो व्यवसायीकरणमा जोड दिने छ।

## परियोजनाको उद्धेश्य

- एकीकृत हरित अर्थव्यवस्थाको प्रवर्द्धन गर्दै वेरोजगार युवाहरूलाई प्राविधिक तथा व्यावसायीक शिक्षा र प्रशिक्षणद्वारा उनीहरूको उद्यमशिलता विकास तथा सुदृढीकरण गरी रोजगारीको श्रृजना गर्ने।
- कृषक पाठशाला (FFS) तथा सहभागिता मूलक कृषि प्रसार सिक्लाइ प्रकृया मार्फत एकीकृत प्रणालीमा आधारित व्यावसायिक प्राङ्गारिक उत्पादनमा जोड दिई कृषि खेती प्रथाको व्यवसायीकरण र विविधीकरण गरी न्यून आय भएका साना किसानहरूको आय आर्जन साथै स्वास्थ्य, सरसफाई तथा पोषणमा सुधार गर्ने।
- टिकाऊ खाद्य सुरक्षा र आय आर्जनको लागि सीपमा आधारित हरित आर्थिक विकासको प्रवर्द्धन गर्न स्थानीय सरकार तथा निजी संस्थाहरू संग सहकार्य गर्ने।

## परियोजनाको लक्षित वर्ग तथा कार्यक्षेत्र

नेपालको आर्थिक तथा सामाजिक रूपमा पछि परेका कर्णाली र सुदूर पश्चिम प्रदेशका सुर्खेत, सल्यान र कञ्चनपुर जिल्लाका बेरोजगार युवा, महिला, दलित, जनजाति, गरीब र सीमान्तकृत जन समुदायलाई लक्षित वर्गको रूपमा परिभाषित गरेको छ।

